# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चौबिसे गाउँपालिका

धनकुटा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## चौबिसे गाउँपालिका
### धनकुटा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चौबिसे गाउँपालिका

धनकुटा

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**१ कोशी प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ८५

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
चौविसे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनकुटा।

१. **कैफियतसहितको राय-** हामीले चौविसे गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ५२ लाख ४९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १२ लाख ४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३९ लाख ७३ हजार र नियमित गर्नुपर्ने रु. ७२ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ५ करोड ६१ लाख ४८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ६ करोड ७ लाख ७९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## चौबिसे गाउँपालिका, धनकुटा
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६१ | ८ | ५२४९ | ० | ० | ० | ६१ | ८ | ५२४९ | १२०४ | ७२ | ३९७३ | ० | ० | ४०४५ | ० |

### प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपर कुनै प्रतिकृया प्राप्त नभएकोले प्रतिकृयाबाट फछ्र्यौट नभाएको | | | |

### अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| धनकुटा | चौबिसे गाउँपालिका | ५६१४८ | ० | ६१८ | ५५५३० | ० | ५२४९ | ६०७७९ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : चौबिसे गाउँपालिका, धनकुटा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पर्शुराम दाहाल | २०७८-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सोभित कुमार तुम्बा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५,२४९,०९४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,९७,९६,२१०.०६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,७३,६३,७४०.५३ | **चालु खर्च** | ३०,२३,६८,२४०.४४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६१,७३,८७० | **पूँजीगत खर्च** | १३,२३,०९,९२५ |
| **राजश्व बाँडफाँट** | ६,९४,९९,२३९.१२ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ६२,२५,१४०.६७ | | |
| **अन्य आय** | ३२४ | | |
| **कुल आय** | ४२,९२,६२,३१४.३२ | **कुल खर्च** | ४३,४६,७८,१६५.४४ |
| **बाँकी मौज्दात** | | ७,४३,८०,३५८.९४ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **वित्तीय विवरणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

वित्तीय विवरण

चौबिसे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, धनकुटा

कार्यालयको कोड : ८०१०६५०२३००

वित्तीय प्रतिवेदन

आ.व. : २०७८/७९
अवधी : २०७८/०४/०१ - २०७९/०३/३२

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४९,०४,९७,३४१.२० | ४४,५१,६२,१३२.५२ | | ४४,५१,६२,१३२.५२ | ४६,६१,७२,४६७.९९ | | ४६,६१,७२,४६७.९९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७,७२,३५,२४० | ४२,९२,६१,९९०.३२ | ० | ४२,९२,६१,९९०.३२ | ४४,३८,९१,२२३.२९ | ० | ४४,३८,९१,२२३.२९ |
| ११००० कर | ११ | ७,४०,५३,२४० | ७,०३,३१,५६७.९६ | ० | ७,०३,३१,५६७.९६ | ६,२६,६९,३७६.९९ | ० | ६,२६,६९,३७६.९९ |
| १३००० अनुदान | | ३९,९२,८२,००० | ३५,३५,३७,६१०.५३ | ० | ३५,३५,३७,६१०.५३ | ३७,७३,४८,३५० | ० | ३७,७३,४८,३५० |
| संघीय सरकार | १२ | ३६,९९,३९,००० | ३२,७३,६३,७४०.५३ | ० | ३२,७३,६३,७४०.५३ | ३५,५५,५७,३५० | ० | ३५,५५,५७,३५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | २,९३,४३,००० | २,६१,७३,८७० | ० | २,६१,७३,८७० | २,१७,९१,००० | ० | २,१७,९१,००० |
| १४००० अन्य राजस्व | | ३९,००,००० | ५३,९२,८११.८३ | ० | ५३,९२,८११.८३ | ३८,७३,४९६.३० | ० | ३८,७३,४९६.३० |
| ख. अन्य प्राप्ति | | १,३२,६२,१०१.२० | १,५९,००,१४२.२० | | १,५९,००,१४२.२० | २,२२,८१,२४४.७० | | २,२२,८१,२४४.७० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,३२,६२,१०१.२० | १,२१,४१,६५३.२० | ० | १,२१,४१,६५३.२० | १,९१,२१,०१४.७० | ० | १,९१,२१,०१४.७० |
| धरौटी | | ० | ३७,५८,४८९ | ० | ३७,५८,४८९ | ३१,६०,२३० | ० | ३१,६०,२३० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५५,५३,८४,९८१.२० | ४४,७३,६९,७६०.४४ | | ४४,७३,६९,७६०.४४ | ४१,७९,६१,२३१.४७ | | ४१,७९,६१,२३१.४७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४,२१,२२,८८० | ४३,४६,७८,१६५.४४ | | ४३,४६,७८,१६५.४४ | ४०,४४,९७,५९३.४७ | | ४०,४४,९७,५९३.४७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,१६,३९,४०० | १८,५०,२८,७१३.३१ | ० | १८,५०,२८,७१३.३१ | १५,५३,२६,०५५.८३ | ० | १५,५३,२६,०५५.८३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,९८,३९,४८० | ९,३७,७०,२१२.१३ | ० | ९,३७,७०,२१२.१३ | ९,९२,९१,४४५.४५ | ० | ९,९२,९१,४४५.४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ३,५०,००० | ० | ३,५०,००० |
| २६००० अनुदान | १८ | १,६४,२०,००० | १,४७,३३,३८४ | ० | १,४७,३३,३८४ | ७१,९७,७५० | ० | ७१,९७,७५० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,०२,३८,००० | ५८,६७,००८ | ० | ५८,६७,००८ | ४४,८५,२८८ | ० | ४४,८५,२८८ |
| २८००० अन्य खर्च | १८ | ३७,००,००० | २९,६८,९२३ | ० | २९,६८,९२३ | ३,२७,६१,८४४.१७ | ० | ३,२७,६१,८४४.१७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,०२,८६,००० | १३,२३,०९,९२५ | ० | १३,२३,०९,९२५ | १०,५०,८५,२१०.०२ | ० | १०,५०,८५,२१०.०२ |
| घ. अन्य भूक्तानी | | १,३२,६२,१०१.२० | १,२६,९१,५९५ | | १,२६,९१,५९५ | ४१,७९,६१,२३१.४७ | | ४१,७९,६१,२३१.४७ |
| कोषहरु | | १,३२,६२,१०१.२० | ८७,६२,७०४ | ० | ८७,६२,७०४ | १,२०,१७,८७८ | ० | १,२०,१७,८७८ |
| धरौटी | | ० | ३९,२८,८९१ | ० | ३९,२८,८९१ | १४,४५,७६० | ० | १४,४५,७६० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,४८,८७,६४०) | (२२,०७,६२७.९२) | | (२२,०७,६२७.९२) | ४,८२,११,२३६.५२ | | ४,८२,११,२३६.५२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>८,५६,९७,७९३.०६</td><td></td><td>८,५६,९७,७९३.०६</td><td>८,९१,२४,९५६.६१</td><td></td><td>८,९१,२४,९५६.६१</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(६,४८,८७,६४०)</td><td>८,३४,९०,१६५.१४</td><td></td><td>८,३४,९०,१६५.१४</td><td>१३,७३,३६,१९३.१३</td><td></td><td>१३,७३,३६,१९३.१३</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>८,३४,९०,१६५.१४</td><td></td><td>८,३४,९०,१६५.१४</td><td>८,९८,४९,५६३.०८</td><td></td><td>८,९८,४९,५६३.०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४० सभा सदस्य, १४७.६ वर्ग किलोमिटर क्षेत्रफल तथा १९ हजार २८३ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी भएको रु २३१९७४। र शिकको तलव बढी निकासा गएको रु १३४३२५। गरि जम्मा रु ३६६२९९। असुल भई दाखिला भएको छ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण विश्लेषणः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वित्तीय विवरण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRAमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रु.९०२५६०९४.४० SuTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ। तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । साथै गत वर्षको SuTRA को वित्तीय विवरण मलेप फा नं २७२ मा वर्षान्तको बैक तथा नगद बाँकी रु. ८,९८,४९,५६३.०८ रहेकोमा यस वर्षको शुरुमा रु. ८,५६,९७,७९३.०६ मात्र देखिन्छ। वर्षान्तमा बैक तथा नगद बाँकी रु ८,९८,४९,५६३.०८ रहेको रकम वरावरको रकम जिम्मेवारी सार्नुपर्नेमा रु. ४१५१७७०.०२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन हुनुपर्ने देखिन्छ।कार्यालयले देहाय बमोजिम एकिकृत वित्तीय विवरण तयार गरेको छ। | |

| एकीकृत आ वि २०७८/७९ | | | | | | |
|---|---|---|---|---|---|---|
| आय तर्फ | | | सि.नं. | व्ययतर्फ | | |
| **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | **302368240.44** | **434678165.44** |
| क) नगद | | | २ | **पूँजीगत खर्च** | **132309925.00** | |
| ख) बैंक | **79796210.06** | **79796210.06** | ३ | **कोषको खर्च** | | **8762704.00** |
| **राजस्व ( आन्तरिक आय)** | | **75724379.79** | | विविध कोष खर्च | **7650984.00** | |
| क) आन्तरिक राजस्व | ६२२५१४०.६७ | | | प्रकोप व्यवस्थापन खर्च | **1111720.00** | |
| ख) राजश्व बाँडफाँड | ६९४९९२३९.१२ | | | कर्मचारी कल्याण कोष | **0.00** | |
| **वित्तिय हस्तान्तरण संघ** | | ३२७३६३७४०.५३ | | सशर्त अनुदान फिर्ता | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) वित्तिय समानीकरण अनुदान | ९३१००००० | | | संचितकोषमा दाखिला | | |
| ख) सशर्त अनुदान | २३४२६३७४०.५३ | | | | | |
| ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | **3928891.00** | **3928891.00** |
| घ) विशेष अनुदान | ० | | | | | |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २६१७३८७० | | | | |
| क) वित्तिय समानीकरण अनुदान | ५२४७००० | | | | | |
| ख) सशर्त अनुदान | १२७६६३४४ | | | | | |
| ग) समपुरक अनुदान | ८१६०५२६ | | ८ | **मौज्दात** | | |
| घ) विशेष अनुदान | ० | | | क) संचितकोष मौज्दात | **74380358.94** | **74380358.94** |
| ङ) अन्य अनुदान | ० | | | | | |
| **अन्तर स्थानीय तहबाट प्राप्त** | **0** | | | | | |
| **अन्य विविध** | **324** | **324** | | | | |
| | | | १२ | **धरौट मौज्दात** | **5731181.00** | **5731181.00** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १३ | **कोष खाताको मौज्दात** | | |
| | | | | विविध कोष | **1981008.00** | **1981008.00** |
| | | | | स्थानीय प्रकोप व्यवस्थापन कोष बाँकी | **905349.70** | **905349.70** |
| | | | | कर्मचारी कल्याण कोष | **492591.50** | **492591.50** |
| **विभिन्न कोषतर्फको आय** | | | | | | |
| **जनसहभागिता (नगद)** | | | | | | |
| **विषयगत निकायबाट प्राप्त** | | | | | | |
| **धरौटी आय** | **9660072** | **9660072** | | | | |
| **कोष तर्फको आय** | | १२१४१६५३ | | | | |
| **विविध कोष** | **9631992** | | | | | |
| **प्रकोप व्यवस्थापन कोष** | **2017069.70** | | | | | |
| **कर्मचारी कल्याण कोष** | ४९२५९१.५० | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>530860249.58</td><td>530860249.58</td><td></td><td>जम्मा</td><td>530860249.58</td><td>530860249.58</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>
बैंक हिसाब – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।
<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाकी रु</th><th>बैंक अनुसार बाकी रु</th><th>फरक</th><th>कैफियत</th></tr>
<tr><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>५७,३१,१८१</td><td>५७,३१,१८१</td><td>०</td><td></td></tr>
<tr><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>७,४३,८०,०३४.९४</td><td>२३२७५५६६.२२</td><td>५११०४४६८.७२</td><td>बैंक घटी</td></tr>
<tr><td>ग ५.१, स्थानीय तह विविध कोष खाता</td><td>१९,८१,००८</td><td>१९८१००८</td><td>०</td><td></td></tr>
<tr><td>ग २.७ विविध खर्च खाता कर्मचारी कल्याण कोष</td><td>४९२५९२</td><td>४९२५९२</td><td>०</td><td></td></tr>
<tr><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>९,०५,३४९.७०</td><td>९०५३४९.७</td><td>०</td><td></td></tr>
<tr><td>ग २ १ चालू खर्च खाता विजोर</td><td>०</td><td>१४९०१५९४</td><td>१४९०१५९४</td><td>बैंक बढी</td></tr>
<tr><td>ग २.३ पूँजीगत खर्च खाता</td><td>०</td><td>३६२०३१९९</td><td>३६२०३१९९</td><td>बैंक बढी</td></tr>
<tr><td>जम्मा</td><td>८३४९०१६५.६४</td><td>८३४९०४८९.९२</td><td>३२४.२८</td><td>बैंक बढी</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणालीः<br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन । २०७६।७७ मा स्थानीय दररेट तोकेकोमा सो अद्यावधिक गरेको पाईएन। साथै तोकिएको स्थानीयदररेट समेत मोरँग जिल्लाको दररेट भन्दा पनि अत्याधिक रहेकोले यथार्थपरक देखिएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ७४ (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, ३ नियमावली, २१ कार्यविधि १३ निर्देशिका र २ विनियमावली समेत ५२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१६५२३९२४।गाउँपालिकातर्फको खर्च लेखेको पाईयो ।<br>·पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>·पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>·स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>·पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>·वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>·जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>·जिन्सीको विवरणमा खरिद गरेको बर्ष, उत्पादकको नाम, मूल्य खुलाएको छैन ।<br>·कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>·ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>·स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>·सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>·वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **योजना तर्जुमा, बजेट तथा कार्यक्रमः** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री यज्ञ कुमारी रुचालले २०७८।३।१० गते रु.४७ करोड ७२ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.२ | | | **चौमासिक पुंजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था कार्यालयले त्रैमासिक प्रगति विवरण नवनाई चौमासिक पुँजीगत खर्चको विवरण देहाय बमोजिम पेश गरेको छ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| कूल खर्चः | १३२३०९९२५ | ८३२३०६३ | २८२८६४९६ | ९५७००३६६ | ५६६२४७२५ |
| खर्च प्रतिशत | १०० | ६.२९ | २१.३७ | ७२.३३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वीकृत बार्षिक कार्यक्रम बमोजिम चौमासिकगत रुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च तेश्रो चौमासिकमा मात्र ७२.३३ प्रतिशत गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |
| ६.३ | | | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 60911000 | 43197488 | 7.96% |
| २ | पूर्वाधार विकास | 83415000 | 57847686 | 10.67% |
| ३ | सामाजिक विकास | 305998880 | 26011732.56 | 48.07% |
| ४ | बातावरण तथा विकास | 500000 | 499500 | 0.09% |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 1954000 | 1442896 | 0.26% |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 89844000 | 71578362.88 | 13.20% |
| **जम्मा** | | **542122880** | **434678165.44** | 80.18% |

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ७.९६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४८.०७ प्रतिशत, पूर्वाधारतर्फ १०.६७ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ०.२६ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च १३.२० प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ७.९६ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ। | |
| ६.४ | | | **खर्च बिश्लेषण** – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ६२२५१४०.६७ राजस्व बाँडफाँड र अनुदानबाट रु ४४५१६२१३२ समेत रु ४५१३८७२७२। आम्दानी भएकोमा चालु तर्फ रु १३२३०९९२५।र पूँजिगत तर्फ रु ३०२३६८२४०। समेत रु | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>434678165.44खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १-४३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ६४५५५६५.२३। खर्च भएको छ जुन आन्तरिक आयको ९२-९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>42</td><td>1910</td></tr>
<tr><td>२</td><td>रु १ लाख देखि २ लाखसम्मको योजना</td><td>73</td><td>8581</td></tr>
<tr><td>३</td><td>रु २ लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>136</td><td>39099</td></tr>
<tr><td>४</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>66</td><td>40748</td></tr>
<tr><td>५</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>62</td><td>173879</td></tr>
<tr><td>६</td><td>५० लाख भन्दा माथीका</td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७९</td><td>264217</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| ७.१ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २३ जना कर्मचारीहरु करारमा राखी रु.१४१४२६५३ खर्च लेखेको छ । उक्त व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ । | |
| ७.२ | | | **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन ।गत वर्षदेखिको नै रु ४९२५१९.५० मौज्दात रहेको छ ।कर्मचारीको योगदान वेगर पालिका अनुदानबाट सोझैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| ७.३ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको ४३ गरी कुल ५० विवाद दर्ता भएकोमा यस वर्ष फछ्र्यौट नभई भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छयौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण गराएकोमा देखिएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गर्नुपर्नेमा आँशिकरुपमा मात्र गरेको छ । | |
| ९ | | | **खाना तथा विविध खर्चः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले पालिका एवं वडा कार्यालयले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२१८७३५१ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १० | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन आर्थिक वर्ष ०७८।७९ मा पालिकाबाट रु 5000 देखि रु15000 सम्मका दरले 39 जनालाई आर्थिक सहायता वितरणमा रु.593200 खर्च गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११ | | | **अनुदान प्राप्ति, वितरण र फिर्ताः** | |
| ११.१ | | | **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार २०७९।३।३० मा फिर्ता गरेकोमा रु ३००००। फिर्ता हुन बाँकी देखिएकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला हनुपर्ने रु | ३०,००० |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २६८४२०६५३.९६ | 234203740.53 | ३४१२६९१३.४३ | 30000 |
| | विषेश | 0 | | | |
| | समपुरक | 0 | | | |
| | अन्य | 0 | | | |
| **प्रदेश सरकार** | शसर्त | १४०९६००० | 12766344 | १३२९६५६ | 0 |
| | विषेश | 0 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | समपुरक | १०००००००० | 8160526 | १८३९४७४ | 0 |
| | अन्य | 0 | 0 | | |
| | **जम्मा** | | | | **30000** |

| क्र.सं. | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ११.१.१ | अनुदान फिर्ता | ३०,००० |

११.२

**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.६६३१०८०। खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | मटरको विउ वितरण ५० प्रतिशत अनुदान(१० वटा कृषि फर्म र समुहलाइ वितरण) | ९४,०००।- |
| २ | ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण(३४ वटा कृषि फर्म र समुहलाइ वितरण) | १७,१०,०००।- |
| ३ | ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण(२६ वटा कृषि फर्म र समुहलाइ वितरण) | १९,२१,४००।- |
| ४ | ५० प्रतिशत अनुदानमा भेडेखुर्सानीको विउ वितरण(२२ वटा कृषि फर्म र समुहलाइ वितरण) | २,९७,३५०।- |
| ५ | ५० प्रतिशत अनुदानमा गोलभेडाके विउ वितरण(१६ वटा कृषि फर्म र समुहलाइ वितरण) | ३,२५,०००।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>५० प्रतिशत अनुदानमा किवीको विरुवा वितरण (१६ वटा कृषि फर्म र समुहलाइ वितरण)</td><td>३,६४,०००।-</td></tr>
<tr><td>७</td><td>५० प्रतिशत अनुदानमा तरकारीको (काउली वन्दा मुला धनिया) विउ वितरण(२२ वटा कृषि फर्म र समुहलाइ वितरण)</td><td>१२,७३,७३०।-</td></tr>
<tr><td>८</td><td>आकास्मिक बाली सरक्षण सेवा ७५ प्रतिशत अनुदान (६९३ जान कृषकहरुलाई वितरण)</td><td>४,९६,१००।-</td></tr>
<tr><td>९</td><td>उन्नत तथा हाईब्रीड तरकारीको मिनिकिट वितरण (५१३ जान कृषकहरुलाई वितरण)</td><td>१,४९,५००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
कोभिड - १९ तर्फः आ.व. २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td></td><td>राहत वितरण</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>७३३४०</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td></td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>कोभिडबाट मृत्यु भएका परिवारलाई प्रति परिवार रु ३००००। का दरले ५ परिवालाई रु १५००००। भुक्तानी गरेको</td><td>१५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२२३३४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>औषधि तर्फः</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२२५३१७५। का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।</td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।</td><td></td></tr>
<tr><td>१३.४</td><td></td><td></td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१३.५</td><td></td><td></td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</td><td></td></tr>
<tr><td>१३.६</td><td></td><td></td><td>औषधिको खर्च घटाउदा मागफाराममको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १४ | | | **अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम तर्फः** | |
| १४.१ | | | अपाँगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन २०७७ को बुँदा १६ मा बीउ पूँजी व्यवस्था र परिचालन सम्बन्धी व्यवस्था छ । अपाँगता भएका व्यक्तिहरुको सम्बन्धित वडाको मिलिजुली समूहमा कार्यक्रममा विनियोजन भएअनुसार ८ वटा वडासमूहलाई रु ५००००। का दरले रु ४००००।बीउ पूँजी निकासा गरेको छ । मार्गदर्शनको बुँदा १६ को घ मा ऋण लगानी प्रकृया रहेको र ङ मा ऋण असुली प्रक्रिया उल्लेख गरेको छ । जस अनुसार कुनै पनि सदस्यले लिएको ऋण तीन महिना पश्चात् मासिक किस्ताबन्दीमा उठाउने र समयमै नै रकम नउठाएमा कारवाही गर्नुपर्ने व्यवस्था छ।मार्गदर्शनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १४.२ | ७२ | २०७९-२-२८ | यशोदा फर्मा ट्रेडर्स बाट रु १४५८८२। खरिद गरेकोमा फिजियोथेरापी केन्द्र स्थापना र सञ्चालनमा गर्नुपर्नेमा सो केन्द्र सन्चालन भएको देखिएन । सो यथाशिघ्र सञ्चालन हुनुपर्दछ । | |
| १४.३ | | | **फोलिक एसिड खरिदः** त्रिपक्षिय साझेदारीमा संञ्चालित अपाङ्गता रोकथाम गर्नको लागी फोलिक एसिड खरिद गरी नव विवाहीत जोडी र गर्भवतीहिलालाई वितरण गर्नको लागी ८०,५३४ ट्यावलेट खरिद गरेको कार्यालयले फोलिक एसिड विभिन्न स्वास्थ्य कार्यालयलाई १,८६६ ट्यावलेट वितरण गरेको र ७८,६६८ ट्यावलेट जिन्सीमा देखिन्छ।उक्त औषधिको म्याद नोभेम्बर २०२३ सम्म रहेको देखिन्छ । आवश्यक्तामा आधारित रहेर मात्र खरिद कार्य गर्नुपर्दछ । यसरी ट्यावलेट खरिद गरी वितरण नगर्नाले औषधीको म्याद समाप्त हुने देखिन्छ। | |
| १५ | | | **विपद व्यवस्थापनः** | |
| १५.१ | | | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि १ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| १५.२ | | | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ ।ऐनको पालना गर्नु/गराउनु पर्दछ । | |
| १५.३ | | | **विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाउपालिकाले विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ । पालिकाले गत वर्षको मौज्दात रु २०१७०६९७०.०० आम्दानी भई रु.१११७२०। खर्च गरी बाँकी रु. 905349.70 देखिन्छ । | |
| १५.४ | | | **वार्षिक प्रतिवेदन**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १६ | | | **सरकारी तथा सार्बजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** | |
| १६.१ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः | |

